सम्वत् २०८० सालको विधेयक नं.

**अपागंता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५ (पहिलो संशोधन, २०८०)**

१. कार्यविधिको परिच्छेद-३, दफा ६ को उपदफा (२) पछि देहायको उपदफा (३) थप गरिएको।

(३) दफा ६ को उपदफा (१) बमोजिम गठित समन्वय समितिका पदाधिकारीको मृत्यु भइ वा अन्य कुनै कारणले पद रिक्त भएमा उक्त पदमा सदस्य मनोनयनको लागि अपागंता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४२ को उपदफा (२) बमोजिम सम्बन्धित निकायमा सिफारिस गर्न सकिनेछ।

२. कार्यविधिको परिच्छेद-३, दफा ६ को उपदफा (२) पछि देहायको दफा ६.१ र दफा ६.२ थप गरिएको।

**(६.१) समन्वय समितिको काम, कर्तव्य र अधिकार:**

दफा ६ को उपदफा १ बमोजिमको समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क. अपागंता भएका व्यक्तिको हक, हित तथा संरक्षणको विषयमा स्थानीय स्तरमा काम गर्ने विभिन्न निकाय, संघ वा संस्थासँग समन्वय गरि विभिन्न कार्यक्रम संचालन गर्ने तथा त्यस्तो काम संचालन गर्न कुनै निकायलाई निर्देशन दिने,

ख. अपागंताको वर्गीकरण स्पष्ट नभएका र अपागंता भए नभएको सम्बन्धमा द्विविधा भएका व्यक्तिको निवेदन उपर जाँचबुझ गरि परिचयपत्र प्रदान गर्न स्थानीय तहलाई सिफारिस गर्ने,

ग. स्थानीय तहभित्र अस्पताल, विद्यालय लगागयत अन्य सरकारी तथा सार्वजनिक भौतिक संरचना तथा स्थलमा अपागंता भएका व्यक्तिको पहुँच सहज गराउन अपागंता मैत्री संरचना विकास वा निर्माण गर्ने, गराउने,

घ. स्थानीय तहभित्र रहेका अपागंता भएका व्यक्तिको अभिलेख संकलन तथा अद्यावधिक गर्न लगाउने,

ङ. अपागंता भएका व्यक्तिका सम्बन्धमा स्थानीय तहमा संचालित कार्यक्रमंको अनुगमन तथा मूल्यांकन गर्ने, गराउने,

च. तोकिए बमोजिमका अन्य काम गर्ने।

**(६.२) समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि:**

१. समन्वय समितिको बैठक कम्तिमा दुई महिनामा एक पटक बस्नेछ र त्यो भन्दा बढी पटक बस्नु परेमा आवश्यकता अनुसार बस्नेछ।

२. समन्वय समितिको बैठक सो समितिका संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

३. समन्वय समितिको बैठक बस्ने सूचना सो समितिको सदस्य सचिवले बैठक बस्नुभन्दा कम्तिमा चौबिस घण्टा अगावै सदस्यहरुलाई दिनु पर्नेछ ।

४. समन्वय समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

५. समन्वय समितिको बैठकको अध्यक्षता सो समितिका संयोजकले र निजको अनुपस्थितिमा समितिका सदस्यले आफुहरुमध्येबाट छानेको सदस्यले गर्नेछ ।

६. समन्वय समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

७. समन्वय समितिले सम्बन्धित क्षेत्रका कुनै पदाधिकारी वा विशेषज्ञलाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

८. समन्वय समितिको निर्णय सो समितिको सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

९. समन्वय समितिका पदाधिकारीहरुलाई नियमानुसारको बैठक भत्ता उपलब्ध गराउन सकिनेछ । उक्त समितिको ५०% आमन्त्रित सदस्यहरुलाई औचित्य पुष्टि हुने गरि बैठक भत्ता उपलब्ध गराउन बाधा पर्ने छैन ।

१०. समन्वय समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**प्रमाणिकरण मिति:२०८०/११/३०**

**थानेश्वर घिमिरे**

**अध्यक्ष**